तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैठक संख्या : ३६

आज मिति २०७५ साल असार २८ गते दिउँसो ३:०० बजे यस तिलोत्तमा नगरपालिकामा नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको उपस्थितीमा निम्नानुसारका निर्णयहरु गरियो ।

| क्र.सं. | पदाधिकारीहरुको नाम थर | पद | उपस्थिति |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री बासुदेव घिमिरे | नगर कार्यपालिका अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी | नगर कार्यपालिका सदस्य | |
| ३. | श्री तामानाथ पाण्डेय | नगर कार्यपालिका सदस्य | |
| ४. | श्री दधिराम गौतम | नगर कार्यपालिका सदस्य | |
| ५. | श्री टंक प्रसाद तिवारी | नगर कार्यपालिका सदस्य | |
| ६. | श्री दिवाकर ढकाल | नगर कार्यपालिका सदस्य | |
| ७. | श्री चेत नारायण भण्डारी | नगर कार्यपालिका सदस्य | |
| ८. | श्री सुखदेव न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| ९. | श्री दुर्गाप्रसाद पाण्डे | नगर कार्यपालिका सदस्य | |
| १०. | श्री कृष्णप्रसाद पौडेल | नगर कार्यपालिका सदस्य | |
| ११. | श्री नारायण न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १२. | श्री व्यास मुनी थारु | नगर कार्यपालिका सदस्य | |
| १३. | श्री मुक्तिनारायण चौधरी | नगर कार्यपालिका सदस्य | |
| १४. | श्री सहदेव थारु | नगर कार्यपालिका सदस्य | |
| १५. | श्री गणेश न्यौपाने | नगर कार्यपालिका सदस्य | |
| १६. | श्री सोहन प्रसाद थारु | नगर कार्यपालिका सदस्य | |
| १७. | श्री खेमराज गुरुङ्ग | नगर कार्यपालिका सदस्य | |
| १८. | श्री झविलाल भुसाल | नगर कार्यपालिका सदस्य | |
| १९. | श्री दान बहादुर चौधरी | नगर कार्यपालिका सदस्य | |
| २०. | सुरेन्द्र श्री (प्रवक्ता) | नगर कार्यपालिका सदस्य | |
| २१ | गिता कुमारी सापकोटा | नगर कार्यपालिका सदस्य | |
| २२. | श्री गायत्री पाण्डे | नगर कार्यपालिका सदस्य | |
| २३.. | श्री संगिता गुरुङ | नगर कार्यपालिका सदस्य | |
| २४. | श्री राधा शाही | नगर कार्यपालिका सदस्य | |
| २५. | श्री मिरा कुमारी वि.क. | नगर कार्यपालिका सदस्य | |
| २६. | श्री लक्ष्मण नेपाली | नगर कार्यपालिका सदस्य | |
| २७. | श्री हर्क बहादुर रम्तेल | नगर कार्यपालिका सदस्य | |
| २८. | श्री कृष्णप्रसाद सापकोटा | नगर कार्यपालिका सचिव | |

Scanned by CamScanner

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वैठक संख्या नं. ३६, मिति २०७५।०३।२८, समय: १५ बजे

**प्रस्तावहरु:**

१. लुम्बिनी वौद्ध विश्वविद्यालय लुम्बिनी नेपाल र राष्ट्रिय अपाङ्ग महासंघ, ५ नं. प्रदेशलाई भौतिक संरचना निर्माणका लागि जग्गा उपलब्ध गराउने सम्वन्धमा ।
२. नेपाल अन्तराष्ट्रिय कृष्णभावनामृत संघलाई जग्गा सिफारिस सम्वन्धमा ।
३. तिलोत्तमा चक्रपथ सम्बन्धमा ।
४. विषयगत कार्यालयहरुले वार्षिक कार्ययोजना पेश गर्ने सम्वन्धमा ।
५. जग्गाधनि प्रमाण पत्र वितरण सम्वन्धमा ।
६. घर नक्सा सम्बन्धमा ।
७. विविध ।
   क) फोहरमैला व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्ति तोक्ने सम्वन्धमा ।
   ख) ब्राईट फ्यूचरलाई रकम भुक्तानी सम्बन्धमा ।
   ग) कर्मचारी श्री दिपक प्रसाद कडेलका सम्वन्धमा ।
   घ) बाटो ग्राभेल र अन्य योजना सम्वन्धमा ।
   ङ) जग्गा प्लटिङ्ग मापदण्ड, २०७४ लाई संशोधन सम्बन्धमा ।

**निर्णय नं १**

- लुम्बिनी वौद्ध विश्वविद्यालय लुम्बिनी नेपालको मिति २०७५।३।०३ च. नं. २७८।०७४।०७५ को पत्रद्धारा लुम्बिनि वौद्ध विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालय लगायत अन्य भौतिक संरचना निर्माणका लागि यस नगरपालिका भित्र जग्गा उपलब्ध गराईदिनको लागि अनुरोध भई आएको विषयमा "नगरकार्यपालिकाको मिति २०७५।०३।१३ को वैठकद्धारा वडा नं. ४ र ७ लगायत अन्य जग्गा प्राप्त हुन सक्ने सम्भावना रहेका वडाका वडाध्यक्षज्यूहरुको समन्वय र सहमतिमा उपयुक्त स्थानमा जग्गाको पहिचान गरी उल्लिखित संस्थाहरुलाई जानकारी गराउने व्यहोराको निर्णय भएको सन्दर्भमा यस नगरपालिकाको वडा नं. ७ को मिति २०७५।३।२७ च.नं. ४५३९ को पत्रद्धारा उक्त विश्वविद्यालयलाई ७ नं. वडा कार्यालयको दक्षिण तर्फको करिब २ (दुई) विगाह जग्गा उपलब्ध गराउन सकिने भन्ने व्यहोराको पत्र प्राप्त भएको हुँदा वडाको निर्णय बमोजिमको जग्गा उपलब्ध गराउने निर्णय गरियो । साथै सोही जग्गासँग जोडिएको करिव २(दुई) कट्ठा जग्गा राष्ट्रिय अपाङ्ग महासंघ, ५ नं. प्रदेशलाई कार्यालय भवन निर्माणार्थ उपलब्ध गराउन सकिने भन्ने व्यहोरा ७ नं. वडा कार्यालयको च.नं. ४५३९ मिति २०७५।०३।२७ को पत्रबाट प्राप्त भएको हुदाँ वडाको निर्णय बमोजिमको २(दुई) कट्ठा जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २**

- नेपाल अन्तराष्ट्रिय कृष्णभावनामृत संघ (International Society For Krishna Consciousness of Nepal, ISKCON ले तहाँ वडा भित्र Temple (Home Of Love & Devotion) (Vedic Goshala, Brahmacari Ashram, Sannyasa Ashram, Guest House), Eco-farm Community, Bhaktivedanta Pathshala, Bhaktivedanta Hospital, Bhaktivedanta Hospice, Orphanage Home, Food For Life लगायतका संरचना निर्माण गर्नको लागि संक्षिप्त प्रस्ताव र उल्लिखित संरचनाहरु निर्माणका लागि आवश्यक पर्ने करिव १०० विगाह जग्गा उपलब्ध गराईदिनुहुन भनि मिति २०७५।०३।०४ को पत्रबाट माग भै

Scanned by CamScanner

आएकोमा वडा नं. १४ को जितपुर, मंगलापुर, रेहरा वा वार्ड नं. १, ८ को सामुदायिक वन क्षेत्रमा भएको गौशालाको क्षेत्र विस्तार लगायत अन्य उपयुक्त क्षेत्रमा स्थानीय उपभोक्ता र सम्बन्धित संघ संस्था विच परामर्श गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

- तिलोत्तमा चक्रपथ (जोगीकुटी चोक-तिलोत्तमा क्याम्पस - वनवाटिका- शान्तिनगर- गौशाला - जनभावना स्कुल- करहिया सामुदायिक वन- प्रदीपनगर डाँडा - गाईघाट- मद्राहानी - पुल्चोक -भू.पू. सैनिक) - भुल्का चोक - रामनगर- तुकतुकिया - जनता मा.वि.- कान्छिवजार - जमुहानी - ठठहरिहवा - वीपी ग्राम- अमरहवा- दर्खसहवा- सापकोटा समिल (सिक्सलेन हाईवे) - टाईगर वान रिसोर्ट- चिलिया चौकी -रेहरा - तीनधुरा- सेमरी- पश्चिम पहुनी- गोरकटवा - झुँगी - दश नम्वर - डिङ्गर नगर- शान्तिचोक - योगीकुटी) को मिति २०७५।२।०४, बैठक संख्या २२ को निर्णयानुसार कायम गरिएको २५ मिटर चौडाईका सम्बन्धमा थप अध्ययन गरी प्रतिवेदन पेश गर्नको लागि देहाय वमोजिमको अध्ययन टोली गठन गर्ने निर्णय गरियो ।

१. तामानाथ पाण्डेय - संयोजक
२. खेमराज गुरुङ्ग - सदस्य
३. झविलाल भुसाल - सदस्य
४. गणेश न्यौपाने - सदस्य
५. राधा शाही - सदस्य
६. दधिराम गौतम - सदस्य
७. सोहन प्रसाद थारु - सदस्य
८. कृष्ण प्रसाद पौडेल - सदस्य
९. दान बहादुर चौधरी - सदस्य
१०. दिवाकर ढकाल - सदस्य
११. सहदेव थारु - सदस्य
१२. सुखदेव न्यौपाने - सदस्य
१३. टंक प्रसाद तिवारी - सदस्य
१४. मनिष खनाल - सदस्य
१५. प्रवेश अधिकारी - सदस्य
१६. कुशल भण्डारी - सदस्य
१७. इश्वर भण्डारी - सदस्य

**निर्णय नं ४**

- आर्थिक वर्ष २०७५/७६ को "नीति तथा कार्यक्रम, वजेट वक्तव्य, विनियोजन विधेयक, आर्थिक विधेयक" मा उल्लेख भएका, नीतिगत रुपले सम्वोधन गरिएका र अभियानात्मक कार्यक्रमका रुपमा संचालनमा रहेका कार्यक्रमहरुको वार्षिक कार्यान्वयन कार्यतालिका (Action Plan) र स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४( परिमार्जित) को अनुसूची ८ वमोजिमको वार्षिक विकास कार्यक्रम र श्रावण २० गते भित्र सम्बन्धित शाखा प्रमुखले विषयगत समितिहरुसँग समेत समन्वय प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने र प्रमुख प्रशासकीय अधिकृतले प्रमुख, उपप्रमुख लगायत अन्य निकायसँग समन्वय गरी "वार्षिक कार्यतालिक)" तयार गरी कार्यपालिकामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

- साविक मधवलिया १ (क) कि.नं. ८९ र ९८ का गाउँ व्लक जग्गा र गंगोलिया ३ (ख) को कित्ता नं १३२ को गाउँ व्लक जग्गाको जग्गा धनि प्रमाण पूर्जाको वितरण कार्यक्रम

Scanned by CamScanner

नेपाल सरकारका माननीय मन्त्रि श्री चक्रपाणि खनालज्यूको प्रमुख आतिथ्यतामा मिति २०७५।०३।३० गते शनिवार विहान ७.३० वजे आयोजना गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ सडक तथा भवन निर्माण मापदण्ड समिति

- तिलोत्तमा नगरपालिकाको ~~घर नक्सा सम्बन्धि प्राविधिक समितिको~~ मिति २०७५।०२।२५ गतेका देहायका निर्णयहरुलाई अनुमोदन गरियो ।

सडक तथा भवन निर्माण मापदण्ड ~~घर जग्गा प्राविधिक~~ समितिका निर्णयहरु :

क) घर (कच्ची/ट्रस/वा दुवै) पुरानो हो भन्ने विवरण नखुलेको अवस्थामा वडा समितिको सिफारिसलाई आधार मानि पुरानो/नयाँ यकिन गर्ने र सोहि अनुसार प्रक्रिया अगाडी बढाउने।

ख) हालको अवस्थामा नक्सा पास गर्न नमिल्ने पुराना बनिसकेका घरहरुको लागि न.पा. कार्यालयका प्राविधिकहरुको प्रतिवेदनका आधारमा वडा कर्यालायाबाट पानी बिजुलीको सिफारिस दिने व्यवस्था मिलाउने ।

ग) नगरपालिकाको गठन भए पश्चात अटेर गरेर न.पा. को पूर्व स्वीकृति (ईजाजत) विना निर्माण कार्य सम्पन्न भएका मापदण्ड नपुगेका घरहरु नक्सा पास प्रक्रियाको लागि पेश हुन आएमा उक्त घरहरुको नक्सा दर्ता प्रक्रिया रोक्ने ।

निर्णय नं. ७।

क) नगरपालिका भित्रको फोहोरमैला सम्बन्धि अनुगमन, नियमन, प्रतिवेदन, नीतिगत पृष्ठपोषण, गुनासा व्यवस्थापन, सहजीकरण लगायतका कामहरु सम्पादन गर्नको लागि वडा नं ५ का वडा अध्यक्ष श्री चेतनारायण भण्डारीलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो।

ख) ब्राइट फ्यूचर ईन्टरनेशनल प्रा.लि.ले यस नगरपालिकाको एकिकृत शहरी विकास योजना तयार पारी पेश गरेको हुँदा उक्त संस्थालाई भुक्तानी दिनु पर्ने रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो

ग) साविक शंकरनगर गा.वि.स. कार्यालयमा मिति २०६८।०१।२० गते नियुक्ति लिई हाल सम्म निरन्तर रुपमा मुखिया पदमा कार्यरत रहनु भएका कर्मचारी श्री दिपक प्रसाद कडेलको मुखिया पदलाई खारेज गर्दै निजलाई खरिदार वा सो सरहको पदमा कायम राखी उक्त पद (खरिदार वा सो सरहको पद) ले प्राप्त गर्ने पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

घ) सडक योजना सम्बन्धमा देहाय बमोजिम निर्णय गरियो ।

- वडा नं.२ स्थित सावित्री पन्थीको घर नजिक तपाहमा कल्भेट निर्माण बार्षिक योजना सि.नं.(६.५)२८ को योजना उपभोक्ता मार्फत लागत सहभागिता विना कार्यान्वयन गराउने निर्णय गरियो ।
- वडा नं.२ स्थित वरपिपल पथमा विनियोजित रु.४,००,०००।- सोही बाटो मर्मत कार्यको लागि १५% लागत सहभागितामा कार्यान्वयन गर्ने निर्णय गरियो ।
- बार्षिक योजना सि.नं.(४.३) २३ को वनकट्टी गाँउमा शिव मन्दिर र कोटही मन्दिर तारवार शिर्षकमा विनियोजित रु.२,५०,०००।- रकम लाई रकमान्तर गरि विसौरिया वनकट्टी सडक विस्तार (६.१) ७९ मा थप गर्ने ।
- नसिव गारमेन्ट भन्दा उत्तर पट्टीको सडक कालोपत्रेमा रु.१,३०,०००।- रखैरिया सिँचाई नहर मर्मतको लागि रु.५०,०००।-, सि.नं. ७७ (३) मा बाँकी रहेको रकम र वडा नं.१४ को रगरगंजको अधुरो सामुदायिक भवन निर्माण बाट रकमान्तर गर्ने ।

- चालु आर्थिक वर्षमा लागत ईस्टिमेट भन्दा वढी काम भएका र भुक्तान हुन बाँकी रहेका योजना शाखावाट सिफारिस भई आएका देहायका सडक ग्राभेल योजना र अन्य योजनाको आगामी आर्थिक वर्षमा भुक्तानी दिने निर्णय गरियो ।
  - वडा नं. ४- २,६०,०००।- (दुई लाख साठी हजार) र बाह्य खोप केन्द निर्माण-रु. २,५०,०००। (दुईलाख पचास हजार मात्र)
  - वडा नं ३- रु .४,५०, ०००। (चार लाख पचास हजार),
  - वडा नं.६ - रु.४,१०,०००।- (चार लाख दस हजार)
  - वडा नं.९- रु. रु.४,९०,०००।- (चार लाख नब्वे हजार)
  - वडा नं.११ - रु.५,५०,०००।- (पाँच लाख पचास हजार)
  - वडा नं. १७- रु.५,३३,०००।- (पाँच लाख तेत्तिस हजार)
- यसरी लगत कायम गरिएका योजनाहरुको प्राविधिक शाखाबाट कार्यसम्पन्न प्रतिवेदन लगायतका अन्य प्रचलित कानूनको अधिनमा रही भुक्तानी गरिने ।

ङ)

- जग्गा प्लटिङ्ग मापदण्ड २०७४ लाई देहाय बमोजिम संसोधन गरियो ।

| साविकको व्यवस्था | नयाँ व्यवस्था |
|---|---|
| दफा ४ उपदफा ४-१ मा जग्गा प्लटिङ्ग गर्ने क्षेत्रमा खोलिने न्यूनतम चौंडाई नाली र वृक्षारोपण भाग सहित न्यूनतम ३० फुटको हुनुपर्नेछ । तर, १० कठ्ठासम्मको अंशवण्डा प्रयोजनका लागि सम्बन्धित वडाको सिफारिसमा न्यूनतम चौंडाई २५ फुट हुन सक्नेछ । | १. अंशवण्डाको हकमा एकाघर परिवारमा अंशवण्डा गर्नुपर्ने भएमा खरिद गरी लिएको ३ बर्ष अवधि पुरा भएको वा सो भन्दा अगाडिको जग्गाको हकमा २ विगाह क्षेत्रफल सम्मलाई २२ फुट बाटो नाली समेत ।<br>२. २ विगाह देखि माथि भएको खण्डमा २४ फुट नाली समेत ।<br>३. जग्गा प्लटिङ्ग गर्दाको अवस्थामा २ विगाह सम्म क्षेत्रफल भएको जग्गामा २४ फुट बाटो नाली समेत ।<br>४. २ विगाह देखि माथिको अवस्थामा नाली सहित ३० फुटको बाटो नाली समेत । |

Scanned by CamScanner